# सुनकोशी गाउँपालिकाको गाउँसभामा
# प्रस्तुत
# नीति कार्यक्रम तथा बजेट
# यस गाउँसभाका अध्यक्ष महोदय , प्रमुख अतिथी ज्यू तथा
# उपस्थित सम्पूर्ण गाउँसभाका सदस्य ज्युहरु

**गाउँसभाका अध्यक्ष ज्यु**

**गाउँसभाका सदस्य ज्यूहरु**

हाल विश्वभर फैलिएको नोभेल कोरोना भाइरस (कोभिड १९) को महामारीबाट नेपाल पनी अछुतो रहेन , यसबाट सिर्जित विषम परिस्थितीका कारण हाल हाम्रा विकासका प्रयासहरु आंशिक रुपमा अबरुद्ध भई आर्थिक तथा मानविय संकट उत्पन्न हुन पुगेको छ । यस जटिल परिस्थितिमा उच्च मनोबलका साथ कोरोना रोकथाम तथा नियन्त्रणको लागी अग्रपंक्तिमा रहि अनवरत रुपमा खटिरहनुभएका स्वास्थ्यकर्मी , सुरक्षाकर्मी कर्मचारी , सवारीचालक तथा जनप्रतिनीधिहरु प्रति उच्च सम्मान प्रकट गर्दै हार्दिक धन्यवाद दिन चाहान्छु । कोभिड १९ को संक्रमणलाई नियन्त्रणको लागी सरकारले अबलम्बन गरेको सामाजिक दुरी कायम गर्नुपर्ने बाध्यात्मक  अबस्थाले स्वदेश तथा विदेशमा रहनु भएका दाजुभाइ तथा दिदिबहिनीहरुमा परेको असहजता प्रती सुनकोशी गाउँपालिका स्थानिय सरकारको तर्फबाट दुख व्यक्त गर्दछु । यस महामारीबाट स्वदेश तथा विदेशमा ज्यान गुमाउनु भएका नेपाली दिदिबहिनी र दाजुभाईहरु प्रति हार्दिक श्रद्धाञ्जली व्यक्त गर्दछु । साथै संक्रमितहरुको शिघ्र स्वास्थ्य लाभको कामना समेत गर्दछु ।

सुनकोशी गाउँपालिकामा उपलब्ध सिमित श्रोत साधनलाई अधिकतम उपयोग गर्दै नमुना गाउँको परिकल्पनालाई साकार पार्न अनवरत रुपमा खटिरहेको अवस्थामा विश्वव्यापी रुपमा फैलिन गएको नोभेल कोरोना भाइरस (कोभिड १९ ) को महामारीले हाम्रो सम्बृद्धिको यात्रामा केही अबरोध सिर्जना गर्यो । विद्यमान अवस्थामा हामिले यो महामारीबाट गाउँबासी दिदिबहिनी दाजुभाईको जिवन रक्षा गर्नुलाई नै पहिलो प्राथमिकता ठान्यौ । तसर्थ विकासका अन्य प्राथमिकताहरुलाई पुनरावलोकन गर्दै महामारी विरुद्धको अभियानमा उपलब्ध सवै साधन श्रोतको यथोचित परिचलन गरिरहेका छौ. । यस महामारी विरुद्धको संघर्षकै विचमा पनि आम गाउँबासीहरुको दैनीकी सहजताको लागी अधिकतम प्रयत्नशिल छौं ।

हामिलाई थाहा छ कोरोना भाईरस (कोभिड १९) को महामारीले विश्वव्यापी अर्थतन्त्र नै खलबलिएको छ । हाम्रा उत्पादन आपूर्ति र वितरणका श्रृंखलाहरुमा विचलन पैदा भएको छ । यसको रोकथाम नियन्त्रणका लागी घोषणा गरिएको बन्दाबन्दीको कारण उद्योग , व्यवसाय , कलकारखाना , व्यापार ?र कृषि क्षेत्रमा गम्भिर प्रभाव परेको छ । रोजगारीको अबसरमा भारी गिरावटले विशेष गरी असंगठित क्षेत्रमा कार्यरत मजदुरहरुको अवस्था दयनिय बन्दै गएको छ । रोजगारीको अवसर खोज्दै देशका विभिन्न ठाउँ तथा विदेशमा रहेका दाजुभाई तथा दिदिबहिनी घर फर्किने चाप बढेसँगै

स्थानिय स्तरमा रोजगारीको अवसरहरु थप सिर्जना गर्नुपर्ने बाध्यात्मक स्थिति सिर्जना भएको छ । बन्दाबन्दीले सिंगो समाजनै राहत र पुर्नस्थापनाको पर्खाइमा छ । हाम्रो वित्तिय क्षमतामा कमजोरी रहेको व्यहोराका बाबजुत पनि जनताको सबै भन्दा नजिकको सरकार भएको नाताले अभिभावकत्व र संरक्षकत्व प्रदान गर्नुपर्नेमा यस सुनकोशी गाउँपालिका जिम्मेवार रहेको व्यहोरा जानकारी गराउँदछौं ।

यस सुनकोशी गाउँपालिकाको गाउँसभाको लागी गाउँपालिकाको आगामी आर्थिक बर्ष २०७७/०७८ को नीति कार्यक्र तथा बजेट प्रस्तुत गर्न पाउँदा म गौरवान्दित छु । साथै नेपालको सामाजिक राजनैतिक परिवर्तनको क्रममा योगदान पुर्‍याउनु हुने वीर शहिदहरु एवं उहाँहरुको परिवार प्रति हार्दिक सम्मान प्रकट गर्न चाहन्छु ।

सुनकोशी गाउँपालिका नेपाल अधिराज्यको बागमती प्रदेश सिन्धुपाल्चोक जिल्लाको साविकको ठोकर्पा , कालिका , यमुनाडाँडा , सुनखानी , थुम्पाखर र पाङ्ग्रेटार गाउँ विकास समिती मिली गठन भएको हो । गाउँपालिका भित्र रहेका २ कलेज , ११ मा.वि , १४ आधारभुत विद्यालय र १ निजि विद्यालय हरु गरी जम्मा ३३ सामुदायिक तथा निजि विद्यालयहरु रहेको छ । स्वास्थ्य क्षेत्र तर्फ ६ स्वास्थ्य चौकी र ३ सामुदायिक स्वास्थ्य ईकाइ  रहेको छ । ६०७३ घरधरी रहेको यस गाउँपालिका भित्र १६७१३ जनसंख्या रहेको छ । सुनकोशी गाउँपालिका भित्र हिन्दु , बौद्ध , इसाई धर्मावलम्बीहरु मान्ने मानिसहरुको बसोबास रहेको छन भने क्षेत्री , बाहुन , दलित , आदिबासी जनजाती (तामाङ , शेर्पा , मगर , गुरुङ, थामी , माझी , पहरी ) मुख्य बसोबास रहेको छ । यस गाउँपालिकाको समृद्धिको आधार कृषि क्षेत्रको विकास , वन सम्पदाको संरक्षण र पर्यटन प्रवर्द्धन रहेको छ । तसर्थ समता , समानता र सहभागितामुलक दिगो विकासको माध्यमबाट आर्थिक तथा सामाजिक परिवर्तन सहितको सम्वृद्ध गाउँपालिका निर्माण गर्नु हाम्रो प्रमुख उदेश्य हो ।

अब म सुन्दर सुनकोशी , सम्वृद्ध सुनकोशी र सुखी सुनकोशी भन्ने नाराका साथ उक्त दिर्घकालिन सोच एवं उदेश्य प्राप्तिका लागी गाउँपालिकाले आगामी आर्थिक बर्षमा लिएको सम्वृद्धिको नीति तथा आधारहरु प्रस्तुत गर्न चाहान्छु ।

**क.  आर्थिक विकास :**

१. सर्वप्रथम सम्पूर्ण सुनकोशी गाउँपालिकाको आदरणिय आमा , बुबा , दाजुभाई दिदिबहिनीहरुलाई सुनकोशी गा.पा. करमुक्त भएको कुरा सर्वविधितै छ साथै यस आ.व मा गा.पा. ले लिइदै आएको घर बहाल कर र घर जग्गा नक्सा पासमा लिईदै आएको कर पनि निशुल्क गरिएको कुरा अवगत गराउन चाहान्छु ।

२. महिला , दलित , जनजाती , अल्पसंख्यक दिदिबहिनीहरुलाई सिपमुलक आयआर्जन एवं जनचेतनामुलक कार्यक्रमको लागी बजेट विनियोजन गरिनेछ ।

३. कृषि विमा कार्यक्रमका लागी आवश्यक बजेटको व्यवस्था गरिएको छ ।

४. कृषिलाई सम्वृद्धिको आधारमानी कृषि उत्पादन र उत्पादकत्व बढाउन बाँझो रहेका जग्गाहरुलाई खनजोत गरी खाद्यबाली मौषमी तथा बेमौषमी तरकारी खेती , फलफुल खेती  तर्फ कृषकलाई प्रोत्साहन गरी अनुदान  रकम दिइनेछ ।

५. गाउँपालिका भित्र कृषिमा आत्मनिर्भर बनाउनको लागी पकेट क्षेत्र तथा कृषि ब्लक निर्धारण गरी उत्पादनमा आधारित अनुदानलाई प्रभावकारी तहबाट अगाडि बढाउनको साथै किसान परिचय पत्र वितरण गर्ने व्यवस्था गरिने छ ।

६. गा.पा भित्रका युवाहरुलाई स्वरोजगार कार्यक्रम का लागी बजेट व्यवस्था गरिने छ ।

७. कृषि कार्यलाई यन्त्रिकरण गर्न कृषि उपकरणमा अनुदानको व्यवस्था गरिएको छ ।

८. गत  आ.व मा ५० वटा भन्दा बढी हाते ट्याक्टर कृषकहरुलाई वितरण भएकोमा आगामी बर्ष मा पनी सो कार्यलाई निरन्तरता दिइनेछ ।

९. प्रत्येक वडामा माटो परिक्षण शिविर संचालन  गरी आबश्यकता अनुसार कृषि चुन , रासायनिक मल , उन्नत वीउवीजन तथा विषादीको उचित व्यवस्था गरिनेछ ।

१०. यस गाउँपालिकालाई दुध , अण्डा र मासुमा आत्मनिर्भर बनाउनको लागी पशु स्वास्थ्य शिविर , खोप सेवा , आन्तरिक र बाह्रय परजिवी सेवा र कृतिम गर्भाधान सेवा संचालन गर्न आबश्यक रकमको व्यवस्था गरिएको छ ।

११. कुखुरापालन र पशुपालन व्यवसायलाई विशेष प्रोत्साहन दिई प्राविधिक सेवा उपलब्ध गराईनेछ ।

१२. कृषि तथा पशुविमा कार्यक्रमलाई प्रचार- प्रसार गरि कृषकलाई विमा गर्न प्रोत्साहन गरिने छ ।

१३. पर्यटन क्षेत्रको विकासको निमित्त पर्यटकिय स्थलको रुपमा पहिचान सुनकोशी गाउँपालिकाको थामडाँडा ठोकर्पामा भ्युटावरको निर्माण सम्पन्न गरी यसै वर्ष देखी संचालनमा ल्याइनेछ ।

१४. स्थापना भई संचालन भएका सहकारी संस्थाहरुलाई नियमित अनुगमण र निरिक्षण गरी सहकारीको भावना अनुरुप संचालन गर्न प्रेरित गरिने छ ।

१५. बहुउदेश्यीय सहकारी संस्था स्थापनामा प्रोत्साहन दिने र बचत ऋण सहकारी संस्थामा बचतकर्ताको बचतलाई संरक्षण पहल गरिनेछ । साथै अनुदानको पनी व्यवस्था  गरिने छ ।

१६. स्थानिय श्रम , सिप ,पुँजी , प्रविधीलाई आकर्षित गरी आयआर्जन क्रियाकलापमा संचालन गरिने छ ।

१७. यस सुनकोशी गा.पा. मा पर्यटकिय क्षेत्रलाई प्रवर्द्धन गर्न केबुलकार संचालनका लागी डि.पि आरको लागी बजेट व्यवस्था गरिने छ ।

१८. कोरोना महामारीको कारण थलिएको ग्रामिण अर्थतन्त्रलाई चलायमान गराउन कृषिमा आधारित युवा स्वरोजगार कार्यक्रमलाई अघि बढाइने छ । कृषिलाई उत्पादन र रोजगारी सँग जोड्दै युवा उद्यमशिलता मार्फत सम्वृद्धि ल्याउन बजेटको व्यवस्था गरिएको छ ।

**ख . सामाजिक विकास:**

१. यस गाउँपालिका भित्रका सबै बालबालिकाहरुलाई भर्ना अभियान सञ्चालन गरी अनिवार्य शिक्षामा पहुँच सुनिश्चित गरिने छ ।

२. बाल शिक्षालाई प्रभावकारी बनाउन बालबालिकाको संख्याको आधारमा प्रोत्साहन भत्ता दिने व्यवस्था गरिनेछ ।

३. गाउँपालिका क्षेत्र भित्र रहेका विद्यालयको निजी श्रोत कम भएका विद्यालयहरुलाई व्यवस्थित रुपमा संचालन गर्न अनुदान प्रदान गरिने छ ।

४. यस गा.पा मा विकास हुँदै गईरहेको पर्यटन व्यवसायलाई मध्यनजर गर्दै त्यस क्षेत्रमा सिर्जना हुने रोजगारीको अवसरलार्य ध्यानमा राख्दै प्लस टु तथा स्नातक तहमा होटेल म्यानेजमेन्ट एण्ड टुरिजम विषयको सिपमुलक पठनपाठन शुरु गरिनेछ ।

५. गाउँपालिका अर्न्तगत यसै बर्षबाट कक्षा थप गरिएको सामुदायिक द्यिालयहरुका लागी थप शिक्षकको व्यवस्था गरिनेछ । साथै शिक्षक /शिक्षिकाहरुको अभाव रहेको सामुदायिक विद्यालयहरुमा आबश्यकताका आधारमा पदपुर्ति गरिँदै लगिने छ ।

६. स्वास्थ्य संस्थाहरुबाट नि:शुल्क उपलब्ध हुने औषधीहरुको अभाव हुन नदिन आबश्यक बजेटको व्यवस्था गराइनेछ ।

७. स्वास्थ्य संस्थाहरुको नियमित अनुगमण गरी चौविसै घण्टा प्रसुती र स्वास्थ्य सेवा उपलब्ध हुने व्यवस्था गरिनेछ ।

८. संघिय तथा प्रदेश सरकारको नीति अनुरुप प्रत्येक गाउँपालिकामा प्राथमिक अस्पताल निर्माण गर्ने कार्यक्रम अर्न्तगत सुनकोशी गाउँपालिका वडा नं १ मा निर्माणाधिन स्वास्थ्य भवनलाई निर्माण सम्पन्न गरी संचालनमा ल्याइन्छ । साथै चिकित्सक सहितको व्यवस्था गर्ने र विभिन्न साझेदारहरुको सहकार्यलाई प्रोत्साहित गरिनेछ ।

९. महिला स्वास्थ्य स्वयंसेविकाहरुलाई प्रोत्साहन स्वरुप मासिक रुपमा एक हजारको दरले दिइदै आएको भत्तालाई निरन्तरता दिइने छ ।

१०. गाउँपालिकाले निम्न आर्थिक अबस्था भएका व्यक्तिहरुको जीवन रक्षाको लागी बर्षको एक पटक कार्यपालिकाको निर्णय अनुसार आर्थिक सहयोग उपलब्ध गराइनेछ । जस्तै मुटु , मृगौला, क्यान्सर , स्पाइनल इन्जुरी हृदयघात लगाएतका अन्य रोगीहरु ।

११. गाउँपालिका  भित्रका प्रत्येक विद्यालयहरुमा चिकित्सक सहितको स्वास्थ्य टोलीद्धारा विद्यालय घुम्ती स्वास्थ्य शिविर संचालन गरिने छ ।

१२. जेष्ठ नागरिक को पहिचान , सम्मान , मर्यादा कायम राख्न जेष्ठ नागरिक सम्मान कार्यक्रम अघि बढाइनेछ ।

१३. महिला हिंसालाई निरुत्साहित गरी महिलाहरुको क्षमता विकासमा जोड दिइनेछ ।

१४. महिलाहरुको क्षमता विकासको लागी सामुहिक रुपमा रोजगारी सिर्जना गर्न आय आर्जन एवम सिप मुलक कार्यक्रम संचालन गरिनेछ ।

१५. अपाङ्गहरुको एकिन तथ्यांक संकलन सामाजिक सुरक्षाल  सुनिश्चितताको लागी परिचय पत्र वितरण शिविर संचालन गरिनेछ ।

१६. बाबालिकाहरुको उत्प्ररणको लागी बाल क्लब , बाल संजाल गठन , विद्यालयहरुमा शैक्षिक सामाग्री , पोशाक वितरणको साथै अतिरिक्त क्रियाकलापहरु संचालन गरिनेछ ।

१७. गाउँपालिका भित्रका विद्यालयमा कार्यरत शिक्षक /शिक्षिकाहरुलाई उच्च स्तरको तालिममा सहभागी गराइनेछ ।

१८. विशेष गरी प्राविधिक शिक्षालाई जोड दिई यस बर्ष भित्रमा बेरोजगार युवाहरुलाई शिपमुलक तालिम प्रदान गरी आत्मनिर्भर बनाउन प्रोत्साहन गरिनेछ ।

१९. स्वास्थ्य जिवनका लागी खेलकुद भन्ने नाराको साथ कम्तिमा दूई वटा गा.पा. स्तरिय खेलकुद प्रतियोगिता आयोजना गरिनेछ ।

२०. यस गाउँपालिका क्षेत्र भित्रका खेलाडीले राष्ट्रिय तथा अन्तराष्ट्रिय खेलकुद प्रतियोगितामा उत्कृष्ट नतिजा हाँशिल गरेमा रु २५०००।- रकम सहित उचित सम्मान गरिनेछ ।

२१. राष्ट्रिय तथा अन्तराष्ट्रिय खेलकुद प्रतियोगितामा ख्याती प्राप्त पदक विजेता खेलाडीहरुलाई नगद पुरस्कार तथा सम्मान गरिएको छ । साथै उक्त कार्यलाई निरन्तरतता दिइनेछ ।

२२. युथ स्पोर्ट्स क्लबको सहकार्यमा राष्ट्रिय फुटबल प्रतियोगिता गरिनेछ । राष्ट्रिय तथा अन्तराष्ट्रिय  खेलकुद प्रतियोगितामा छनौट भई क्लोज गेममा रहेका खेलाडीहरुलाई भौतिक तथा आर्थिक सहयोग गरिनेछ । साथै गा.पा. भित्र खेलकुद प्रतियोगिता गर्न प्रत्येक वडामा कवर्डहल को लागी आबश्यक बजेट विनियोजन गरिनेछ ।

२३. सामाजिक सुरक्षा भत्ता प्राणालीलाई व्यवस्थित गरी सेवाबाट बञ्चित नागरिकलाई यस प्रणालिमा समावेश गरिन्छ साथै यसै आ.व वाट बैकिङ प्राणाली मार्फत भुक्तानी गरिनेछ ।

२४. युवा जनशक्तीको पलायनलाई रोकी गाउँमा बसोबास गरी दीगो विकासमा सहयोग गर्नको लागी सामुहिक रुपमा खेती , उद्योग , व्यवसाय संचालन गरेमा ५० प्रतिशत सहभागिता रहने गरी कृषिमा आधारीत युवा स्वरोजगार कार्यक्रम संचालन कार्यविधी बनाई अनुदान प्रदान गरिनेछ ।

२५.धार्मिक पर्यटनको विकास तथा संरक्षणको लागी आवश्यक बजेटको व्यवस्था गरिने छ ।

२६. सुनकोशी गा.पा २ ठोकर्पा मा.वि को भवनको बाँकी कार्य यो बर्षमा सम्पन्न गरिनेछ ।

२७ ठोकर्पाको धार्मिक तथा साँस्कृतिक ऐतिहाँशिकता सँग जोडिएको सिता पाईला क्षेत्रमा राम तथा सिताको मन्दिर निर्माण गरी सितापाईला देखी थामडाँडा सम्म पदमार्ग निर्माणको कामलाई यो बर्ष पनी निरन्तरता दिइनेछ ।

२८. सुनकोशी गा.पा. ३ मिलडाँडामा शान्तिको लागी बुद्धपार्क निर्माण गर्नको लागी गा.पा. बाट बजेट विनियोजन गरिनेछ ।

२९. सुनकोशी गा.पा. ४ यमुनाडाँडा स्थित डाँडागाउँमा ऐतिहाँशिक धार्मिक साँस्कृतिक सम्पदा संरक्षण तर्फ अत्यन्तै प्राचिन बौद्ध गुम्बा श्री साङलिङ बौद्ध गुम्बा निर्माण कार्य अन्तिम चरणमा पुगिसकेकाले बाँकी काम सम्पन्न गर्नको लागी गा.पा बाट आबश्यक बजेट विनियोजन गरिएको छ ।

३०. वडा नं ६ थुम्पाखर स्वस्थ जिवनको लागी खेलकुद भन्ने नाराको साथ स्वर्गिय भुपेन्द्र थापा पृथ्वी भण्डारी स्मृती भलिबल प्रतियोगिता गरी सेती देवी तिन चम्के मन्दिर सम्म पैदल पर्यटन पार्क बनाई आन्तरिक पर्यटकिय विकास गरिदै लगिने छ ।

३१. पूर्व सुचना तथा संचार मन्त्री श्री मोहन बहादुर बस्नेत ज्यूबाट जिल्ला भरिका स्वास्थ्यकर्मि कर्मचारीहरुको स्वास्थ्य विमा र विश्वव्यापि रुपमा फैलिएको (कोभिड १९ ) महामारी रोकथामाको लागी यस गा.पा. लाई आवश्यक औषधी लगायत अन्य सामाग्रीहरु उपलब्ध गराइएकोमा सुनकोशी गाउँपालिका कृतज्ञ हुँदै आगामी दिनहरुमा पनि यस्तै प्रकारको सहयोगको अपेक्षा गरिएको छ ।

३२. विश्वव्यापी महामारी कोरोन भाइरसका कारण देश तथा विदेशमा बसोवास गरिरहेका गाउँपालिका बासीलाई उद्धार गरिएको नियमित औषधी सेवन गरिरहेका दिर्घरोगीहरुलाई १५ दिनको औषधी वितरण गरिएको तथा दैनिक ज्यालादारीमा मजदुरी गरीरहेका घर परिवारलाई राहात वितरण गरिएको जानकारी गराउँछु । साथै यस कार्यक्रम लाई पनि निरन्तरता दिइनेछ ।

३३. दलित , जनजाती , आदिबासी अल्पसंख्यकहरुलाई सम्बोधन गर्ने गरी लघु उद्यमशिलतामा आधारित कार्यक्रम ल्याईनेछ ।

**ग . पूर्वाधार विकास :**

१. वडा स्तरिय सडकलाई स्तरोन्नती गरी नाला सहितको ग्राभिल गरी बाह्रै महिना यातायात संचालन गरिनेछ ।

२. ग्रामिण कृषि सडकलाई जोड दिंदै उत्पादित कृषि उपजलाई सहज रुपमा बजारसम्म पुर्‍याउने व्यवस्था गरिनेछ ।

३. गाउँपालिकाले नयाँ ट्रयाक खोल्ने कार्यलाई सिमित गरी सडक स्तरोन्नती जस्तै सडकको नाला बनाउने , टेवा पर्खाल , सोलिङ , ग्राभेलिङ , वायोइन्जिनियरिङ लाई प्राथमिकता दिइने छ ।

४. सुनकोशी गा.पा. को कृषि योग्य भुमीमा भरपर्दो र दिगो सिंचाई मार्फत कृषि उत्पादन तथा उत्पादकत्व वृद्धिमा सहयोग गर्न निर्माण भएका सिंचाई प्रणालीको मर्मत सम्भार र व्यवस्थापन गरी बाह्रै महिना सिंचाई सेवा उपलब्ध हुने व्यवस्था गरिने छ ।

५. सिंचाइका श्रोतहरु पहिचान गरी उपभोक्ता समिती मार्फत दर्ता गर्ने प्रावधान गरिनेछ ।

६. गाउँपालिका भित्रका सुख्खा क्षेत्रहरुमा प्लाष्टिक पोखरी निर्माणमा आबश्यक सहयोग गर्ने कार्यक्रम संचालन गरिनेछ ।

७. खानीपानीको मुहान नभएको कारण अति अभाव व्यहोरेको वडा नं १ मा डिप बोरिङ तथा लिफ्टिङ योजना सम्पन्न भई घर घरमा खानेपानीको व्यबस्था गरिसकिएको छ यस आ.व मा सुनकोशी गाउँपालिका वडा नं. २ मा ५० प्रतिशत डिप बोरिङको कार्यसम्पन्न भैसकेकोले आगामी आर्थिक वर्षमा ट्याङ्की निर्माण गरी घर घरमा धारा वितरण गरिने छ । यसै आर्थिक वर्षमा वडा नं. ६ मा पनि डीपबोरीङ् गरि खाने पानीको शुरुवात गरिने छ ।

८.जमिन मुनीको प्राकृतिक श्रोत र नासिदै गएको अवस्थामा रिचार्ज सिस्टमबाट मद्दत मिल्ने गरि पोखरी निर्माण गरिने छ ।

९.गाउँपालिका भित्रका सुख्खा क्षेत्रहरुमा थोपा सिँचाई कार्यकम सञ्चालन गरिने छ ।

१०.बस्ती बिकास, शहरी योजना तथा भवन निर्माण सम्बन्धी आधारभुत मार्गदर्शन २०७२ बमोजीम घर नक्सा पास कार्य अगाडी बढाईने छ ।

११.नक्सा पास नगरी आ.व २०७६/०७७ अघि निर्माण भएका भवनहरुको स्थलगत निरीक्षण गरी नक्सा पास गरिनेछ ।

१२.गा.पा र वडा कार्यालयहरुमा सौर्य उर्जा जडान गरि निरन्तर सेवा प्रदान गर्ने व्यवस्था गरिएको छ ।

१३.आ.व २०७६/०७७ भित्रमा बाकि रहेका काठका पोललाई फलामको पोलले पुर्ण रुपमा बिस्थापीत गरिनेछ ।

१४.सुरक्षित र गुणस्तरीय विधुतको सेवा व्यवस्थापन गर्न विधुत ट्रान्सफर्मर आवस्यका अनुसार व्यवस्था गरिनेछ ।

१५.दुई वर्ष भित्र नाङ्गो तार लाई विस्तापित गरी केबुल तारको व्यवस्था गरिने ।

१६.गाउँपालिकाको सुचना प्रवाह गर्न गाउँ एप्स बनाई सञ्चालन गरिनेछ । गा.पा को वेवसाइटलाई अध्यावधिक गरी गाउँपालिकाको निति नियम, कार्यकम तथा सुचनामा सबै गाउँबासीको सहज पहुँच पुऱ्याइने छ ।

१७.गा.पा स्तरीय सडक मर्मत सम्भार कोष, विपद व्यवस्थापन कोषबाट खर्च व्यहोर्ने गरि गरिने कार्यलाई ठेक्का, कोटेशन, दरभाउपत्र, अमानत, सोझैवार्ताबाट गराउन सकिने छ ।

१८.यस गा.पा ले तयार पारेको ग्रामिण सडक गुरुयोजना अनुरुप सडक निर्माण कार्यलाई प्राथमिकता दिइनेछ । साथै सुकुटे, महेन्द्रकान्ती, मिलडाँडा सडकलाई यसै वर्ष ग्राबेल गर्नको लागि बजेट बिनियोजन गरिनेछ ।

१९.सुनकोशी गा.पाको रिङरोड निर्माण गर्न सुकुटे, पुरानोकोट, ठोर्कपा, भञ्ज्याङ, मेलचौर, सुनखानी, रतनकोट देखी बाह्रकिलो सम्म सडक स्तरउन्नती गर्ने कार्य भइरहेकोले यसलाई आगामी आ.व.मा पनि उक्त कार्य लाई निरन्तररता दिइने छ ।

२०.सुकुटे महेन्द्र कान्ती मिलडाडाँ सडक र सियाले यमुनाडाडाँ सुनखानी सडक प्रदेशबाट समपुरक बजेट र गा.पा बाट थप गरी सडक ग्रावेल गरिने छ ।

२१.पाटिडाँडा गोलमानथान लप्से निङ्ग्रे सडक तथा खानिखोला हेल्थपोष्ट सडक प्रदेशबाट समपुरक बजेट र गा.पा बाट थप गरी सडक ग्रावेल गरिने छ ।

**घ.<u>वन वातावरण तथा विपद व्यवस्थापन :</u>**

१.विश्वकै पहिलो तथा सुनकोशी गाउँपालिकाकै गौरव सामुदायिक वनको उद्गम स्थल साबिक ठोकर्पामा निर्माण हुने सामुदायिक वन अन्तराष्ट्रिय अध्ययन तथा अनुसन्धान केन्द्रका लागि जग्गा गा.पा मार्फत खरिद गरिएको र यस आ.व बाट निर्माण कार्य  अघि बढाउन संघिय सरकार संग आवश्यक समन्वय र सहकार्य गरिनेछ ।

२.प्रशस्त रुख तथा फलफुलका विरुवाहरु वृक्षारोपन गरी वातावरण संरक्षणमा जोड दिइने छ ।

३.भु संरक्षणका लागि पहिरो जान सक्ने स्थानहरुको पहिचान गरि नियनत्रणका लागि आवश्यक योजना तथा कार्यक्रम सञ्चालन गरिनेछ ।

४.विकास निर्माणका कृयाकलाप वातावरण प्रतिकुल नहुने गरि संचालन गरिनेछ ।

५.गाउँपालिका भित्र रहेका नदिनाला पानीका मुहानका उचित संरक्षण गरिनेछ ।

६.धरातलिय रुपमा पहाडी भुभाग भएको तथा प्रकोपले उच्च जोखीममा रहेको गाउँपालिका क्षेत्रमा तत्काल राहत तथा नियन्त्रण गर्न तथा पुर्व तयारीका लागि विपद् व्यवस्थापन कोषको व्यवस्था गरिनेछ ।

७. दैवीक प्रकोपबाट जनधनका क्षति भई मृत्यु भएमा प्रति परिवार रु. २०,०००/- ( अक्षरुपी विष हजार मात्र) उपलब्ध गराइने छ ।

८. पर्यटन प्रर्वधनका लागि वडा नं.७ मा तेन्जीङ हिलारी पदमार्गको लागि बजेट विनियोजन गरिने छ ।

९.ठोकर्पा थामडाँडामा निर्माणधिन भ्युटावर अन्तिम चरणमा रहेको र सो सम्पन्नका लागि आवश्यक बजेट विनियोजन गरिने छ ।

१०. सुनकोशी गा.पा मा कर मुक्त भएतापनि घर जग्गा नक्सा पासमा लिइदै आएको कर यसै आ.व देखी निशुल्क गरीएको छ ।

११. विपदबाट पुर्वाधार, वस्ती, जग्गा जमिनको क्षति हुने अवस्था भएमा तत्काल संरक्षणको लागि कार्य गरिनेछ ।

१२ दिर्घ रोगी लगायत अन्य नियमित औषधी सेवन गर्ने गा.पा बासीहरुलाइ वडाबाट तथ्यांक संकलन गरि वडाको सिफारीस अनुसार १ वर्षमा १ महिनाको औषधी निशुल्क गरिनेछ ।

१३. गा.पा भित्र जुनसुकै संघसंस्थाहरुले कार्यक्रम संचालन गर्न स्विकृति लिन आउँदा गाउँपालिकाको समन्वयमा कृषि, स्वास्थ्य तथा शिक्षामा अनिवार्य बजेट खर्च गर्ने कार्यक्रममा स्वीकृत गर्ने व्यवस्था अनिवार्य गरिनेछ ।

## ङ. सुशासन तथा संस्थागत विकास :

१. गाउपालिकाद्धारा प्रदान गरिने सेवालाई छिटो छरितो प्रभावकारी एंव गुणस्तरीय प्रबिधिमैत्री वनाइने छ ।

२. गाउपालिकाद्धारा सम्पादन हुने काम कारवाहिहरुलाई सर्वसाधरण सेवाग्राहिको जानकारीको लागि एफ.एम रेडियो र पत्रपत्रिका मार्फत प्रशारण र प्रकाशन गरिनेछ ।

३. गाउपालिका कार्यक्षेत्र बनाइ कार्यरत रहेका गैर सरकारी संस्थाहरुलाई गाउँ विकास निर्माण कार्यमा सहयोग पुऱ्याउनको लागि अनुगमन र निरिक्षण गरी सहजीकरण गरिनेछ ।

४. गा.पा र वडा कार्यलय बाट सम्पादित सेवा र कार्याक्रमको गा.पा स्तरबाट कम्तिमा दुइवटा सार्वजनिक सुनुवाइ कार्यक्रम गरिने छ ।

५. गा.पाको उपभोक्ता समिति मार्फत सञ्चालन हुने विभिन्न योजना तथा कार्यक्रममा १५ प्रतिशत लागत जनसहभागीता जुटाइने छ ।

६. पदाधिकारी तथा कर्मचारीहरुको लागि अन्य स्थानीय सरकारले गरेको असल अभ्यासहरुको अनुगमन भ्रमण सो अनुकुल लागेमा अनुसरण गरिनेछ ।

७. गाउँपालिका तथा सबै वडा कार्यलयहरुमा डिजिटल प्रबिधि नागरीक वडापत्रको अध्यावधिक गरिनेछ ।

८. गाउँपालिकाबाट उपभोक्ता समिति, जनप्रतिनिधि, तथा कर्मचारीहरुको लागि क्षमता अभिबृद्धि गर्न अध्ययन, तालिम, गोष्ठि, अर्न्तक्रिया कार्यक्रम संचालन गरिनेछ ।

९.  प्रत्येक वडा कार्यलयमा ईन्टरनेट जडान गरि विधुतिय कार्यलाई अघि बढाईने छ ।

१०.  गाउँपालिकाले तयार पारेको भिलेज प्रोफाइलको तथ्याङ्कलाई आधार बनाई योजना तथा कार्यक्रम सञ्चालन गरिनेछ ।

११.  न्यायमा सबैको पहुँच सुनिश्चता गर्न स्थानिय न्यायिक समितिलाई प्रभाबकारी एंव व्यवस्थित बनाईनेछ ।

१२.  न्यायिक समिति पदाधिकारीहरु तथा सामुदायिक मेलमिलाप कर्ताहरुको क्षमता अभिबृद्धि गरी घुम्ती कानुनी शिविर सञ्चालन गरि स्थानीय जनताको घरदैलोमा कानुनी सेवा र स्थानिय न्यायिक समितिको बारेमा जनचेतनामुलक कार्यक्रम संचालन गरिनेछ ।

१३.  गाउँ प्रहरीको सेवा सुविधा बृद्धि गरिनेछ ।

अब म माथि उल्लेखित निति तथा कार्यक्रम कार्यान्यनका लागि बजेटका स्रोतहरुबारे जानकारी गराउन चाहन्छु । यस गाउँपालिकालाई प्राप्त हुने बजेटका श्रोतहरु तपशिल बमोजीमका छन ।

क  संघबाट प्राप्त हुने समानीकरण अनुदान :- रु. ११,१०,००,०००/-(अक्षरुपी एघार करोड दश लाख)

ख.  संघबाट प्राप्त हुने राजश्व वाडफाड अनुमानित :- रु. ५,७९,५५,४३०/-(अक्षरुपी पाच करोड उनानअसी लाख पचपन्न हजार चार सय तिस )

ग.  संघबाट प्राप्त हुने सशर्त अनुदान अनुमानित :- रु. १७,४४,००,०००/-(सत्र करोड चौवालिस लाख)

घ.  प्रदेशबाट प्राप्त हुने समानिकरण अनुदान अनुमानित :- रु. ९९,००,०००/-( उनान्सय लाख )

ङ.  प्रदेशबाट प्राप्त हुने सशर्त अनुदान अनुमानित :- रु. १,५४,०९,०००/-(एक करोड चौउन्न लाख नौ हजार )

च.  प्रदेशबाट प्राप्त हुने समपुरक :- रु. ३,००,००,०००/- ( तिन करोड )

छ.  आन्तरीक आय अनुमानित :- रु. ५,००,०००/-(पाच लाख) कर मिनाहा

ज.  प्राकृतिक स्रोत बाट प्राप्त हुने आय अनुमानित :- रु. २८,००,०००/-(अठ्ठाइस लाख )

झ.  यस आ.व मा खर्च नभई बाकी रहेको रकम अनुमानित :-रु. २,००,०००/-(दुई लाख )

गरी जम्मा रु ४०,४४,३९,३६०। (चालिस करोड चौवालिस लाख उनान्चालिस हजार तिनसय साठ्ठि ) अनुमान गरिएको छ ।

१. आन्तरिक आय बढाउनको लागि करका नयाँ क्षेत्रहरु पहिचान गरी करको दायरा बढाइने छ ।

२. आगामी आ.व देखि एकिकृत सम्पति कर अनिवार्य रुपमा लागु गर्नुपर्ने व्यवस्था भएकोले तथ्याङ्क एकिन गरी सुरुवात गरिनेछ ।

अब म आर्थिक वर्ष २०७७/०७८ को विभिन्न कार्यक्रम तथा योजनाहरुमा खर्च हुने व्यय तर्फको रकम प्रस्तुत गदर्छु ।

व्यय तर्फ :-

क. चालु खर्च अनुमानित :- रु. ६,१०,००,०००/-(अक्षरुपी छ करोड दश लाख )

ख. गाउँपालिका पुजिगत :- रु.१,१२,००,०००/-( अक्षरुपी एक करोड बाह्र लाख )

ग. समपुरक योजना :- रु. ६,००,००,०००/-(अक्षरुपी छ करोड )

घ. वडागत योजना :- रु. ३,७९,५०,०००/-(अक्षरुपी तिन करोड उन्नानअसी लाख पचास हजार )

च. सामाजिक विकास (शिक्षा स्वास्थ्य) :- रु. ३,५२,०५,४३०/- ( अक्षरुपी तिन करोड बाउन्न लाख पाँच हजार चार सय तिस )

छ . कोभिड-१९ नियन्त्रण कोष :- रु. ५०,००,०००/-( अक्षरुपी पचास लाख )

ज. मर्मत संभार :- रु. १,००,००,०००/- ( अक्षरुपी एक करोड )

झ. विपत व्यस्थापन :- रु. ५०,००,०००/- ( अक्षरुपी पचास लाख )

ञ. मेलमिलाप तथा न्यायिक सम्पादन :- रु. १०,००,०००/- ( अक्षरुपी दश लाख )

ट. कृषिमा आधारित युवा स्वरोजगार कार्यक्रम :-रु. ४०,००,०००/- ( अक्षरुपी चालिस लाख )

ठ. गाउँपालिका स्तरिय महिला सिप विकाश तथा लघु उधम :- रु. १०,००,०००/- ( अक्षरुपी दस लाख )

ड. लक्षित वर्ग उधमशिलता प्रवर्द्धन :- रु. १०,००,०००/- (अक्षरुपी दस लाख )

ढ. संघ बाट प्राप्त हुने सशर्त :- रु. १७,४४,००,०००/- ( अक्षरुपी सत्र करोड चौवालिस लाख )

ण. प्रदेशबाट प्राप्त हुने सशर्त अनुदान अनुमानित :- रु. १,५४,०९,०००/-( अक्षरुपी एक करोड चौउन्न  लाख )

त गाउँपालिका स्तरिय पूर्वाधार  कार्यक्रम रु २,००,००,००० ( दुइ करोड )

गरी जम्मा रु. ४०,४४३९३६०/-( अक्षरुपी चालिस करोड चौवालिस लाख उनान्चालिस हजार तिन सय साट्ठि) खर्चहुने अनुमान गरिएको छ ।

कार्यक्रम नीति तथा बजेट तर्जुमा गर्दा सहयोग गर्नुहुने अध्यक्ष महोदय, प्रमुख अतिथि ज्यु, प्रमुख प्रशासकीय अधिकृत ज्यु, वडा अध्यक्ष ज्युहरु, कार्यपालिका सदस्य ज्युहरु, गाउँसभा सदस्य ज्युहरु, गाउँपालिका तथा वडाका सम्पुर्ण कर्मचारी ज्युहरु, क्रियाशिल राजनैतिक दलका नेता ज्युहरु, बुद्धीजीवि, नागरिक समाज निजी क्षेत्र, आम सुनकोशी बासी आमा बुवा दाजु भाइ तथा दिदी बहिनीहरुमा हार्दिक धन्यवाद ज्ञापन गर्दछु ।क

अन्त्यमा गाउपालिकाको आर्थिक सामाजिक विकासमा निरन्तर सहयोग पु¥याउने नेपाल सरकार, प्रदेश सरकार, करदाता प्रति आभार प्रकट गर्न चाहान्छु , साथै यो बजेटको पुर्ण कार्यन्वयनमा सबै पक्षको सहयोग रहने अपेक्षा गरेकी छु ।

**निर्णयहरु :**

१. यस गाउँपालिकाको राजश्व परामर्श समितीबाट पारित भएको आन्तरिक करका दरहरु अनुसुचिमा उल्लेख भए अनुसार प्राप्तगरी लागु गर्ने निर्णय गरियो ।

२. आ.व . २०७७/०७८ को अनुमानित आय व्यय सहितको योजना तथा कार्यक्रम र बजेट पेश भए अनुसार पास गर्ने निर्णय गरियो ।

३. आ.व २०७७/०७८ मा विनियोजित बजेट बेलाबेलामा प्राप्त भएका बजेट बाट अपर्झट कार्यक्रम बनाई संचालन गरिएका आयोजना तथा कार्यहरुलाई  सर्वसम्वत रुपमा अनुमोदन गर्ने निर्णय गरियो ।

४. गाउँपालिका बाट गरिएका विकास निर्माणका कार्यहरु कार्यपालिकाको तर्फबाट गरिएका योजनाहरुको जाँचपास तथा फरफारक लाई अनुमोदन गर्ने निर्णय गरियो ।

५. यस गाउँपालिका र वडा कार्यलयमा कर्मचारी दरबन्दी देहाय बमोजिम गाउँसभाबाट स्वीकृत गर्ने निर्णय गरियो । (सुची अनुसार )

६. आ.व २०७७/०७८ मा चालु तथा पुँजीगत शिर्षकमा एक शिर्षकबाट अर्को शिर्षक र एक शिर्षकको नयाँ शिर्षकमा कार्यक्रम बनाई खर्च गरेकोमा यस सभाबाट सर्वसम्वत रुपमा पारित गरी उक्त खर्चलाई सर्वसम्वत रुपमा पारित गर्ने निर्णय गरियो ।

७. राजश्व परामर्श समितीबाट पारित भै लागु भएका फरक दरहरु फेरबदल गर्नु परेमा कार्यपालिकालाई अधिकार दिने निर्णय गरियो ।

८. गाउँपालिकामा हाल कार्यरत जनशक्तिले मात्र गाएपालिकाको दैनिक सेवा प्रवाह एवं स्वीकृत बार्षिक योजना तथा कार्यक्रम सम्पन्न गर्ने तथा कार्यलय र वडा कार्यल्यमा आवश्यकताको आधारमा कार्यलय सहयोगी कम्प्युटर सहायक प्राविधिक जनशक्तिको अभाव हुन गएमा औचित्यको आधधारमा गाउँपालिकालाई दैनिक ज्यालादारी तथा करारबाट सेवा लिने अधिकार गाउँकार्यपालिकाका अध्यक्ष लाई दिने निर्णय गरियो ।

९. गाउँसभाबाट पारित केन्द्रमा रहेको विभिन्न कार्यक्रममा विनियोजित एकमुष्ट रकमलाई कार्यान्वयन उवं संचालन गर्न गाउँ कार्यपालिकालाई अधिकार दिने निर्णय गरियो ।

१०. जिल्ला समन्वय समिती मौज्दात रकम बाँडफाँड बाट प्राप्त आयोजनाहरु कोभिड १९ को कारण निर्माण संचालन गर्न नसकिएको कारण आ.व २०७७/०७८ मा संचालन गर्ने निर्णय गरियो ।